कन्सोर्टियम-नेपाल
Consortium Nepal

**बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समुह**

# मासिक कार्यसम्पादन पत्र

**फेब्रुवरी २०२४**

**वर्ष : ३, अंक : २**

## फेब्रुवरी २०२४ मा सम्पन्न भएका गतिविधिहरु

### १ - बाल अधिकारका लागि विश्व सम्मेलन: बालबालिकाका लागि न्यायपूर्ण संसार”

अर्को विश्व सम्भव छ भन्ने मूल नाराका साथ १५- १९ फेब्रुवरी २०२४ सम्म काठमाडौंमा विश्व सामाजिक मञ्च २०२४ सम्पन्न भएको छ । विश्वभरका करिब ४० देखि ५० हजार मानिस भेला हुने अनुमान गरिएको सम्मेलनमा प्रकृति, ब्रह्माण्ड र मानव जीवनका विविध विषयमा



चारसय ५० भन्दा बढी सत्रमा विश्वका अनुभवी, दिग्गज र प्राज्ञिक व्यक्तिबाट छलफल, प्रशिक्षण, बहस, पैरवी भएको थियो । विश्व सामाजिक मञ्चको साताव्यापी कार्यक्रम अन्तर्गत विभिन्न संस्था तथा संजालहरुको आयोजना र नेतृत्वमा १८ फेब्रवरी २०२४ मा काठमाडौंमा बाल अधिकारका लागि विश्व सम्मेलन सम्पन्न भएको थियो ।



बालबालिकाका लागि न्यायपूर्ण संसार भन्ने मूल भावका साथ संचालन गरिएको बाल अधिकारका लागि विश्व सम्मेलनमा देश तथा विदेशबाट करिब ७०० जना सहभागीहरुको प्रत्यक्ष रुपमा सहभागिता रहेको थियो । कार्यक्रमको संचालन राष्ट्रिय किशोर संजालबाट घनश्याम बि.क. र राष्ट्रिय बाल पैरवी परिषदबाट प्रेक्ष्या अधिकारीले गरेका थिए । उक्त कार्यक्रममा बाल अभियन्ता शिरमाया पुन मगरले बालबालिकालाई यौनजन्य हिंसा हुने गरेको तर हिंसामा परेकोले न्याय नपाएको, छाउपडीको प्रथाका कारण किशोरीहरू हिंसामा परेको बताइन् । स्थानीय तहले बालबालिका र किशोरीहरूको पक्षमा आवश्यक नीति नियम बनाउनु पर्ने धारणा बताइन । यस्तै बाल अभियन्ता अभिनय चौहानले अनलाइन सरक्षाका बारेमा आफनो अनुभव सुनाएका थिए । उनले अहिले अनलाइनको लतमा बालबालिका र किशोरकिशोरीहरू फसेको बताएका थिए । सूचना प्रविधिले विश्वमा नै आमूल परिवर्तन ल्याइदिएको भए पनि प्रविधिको दुरूपयोग भइरहेको बताउँदै उनले सूचना प्रविधिको प्रयोग गर्दा चेतनाको स्तर बढाउनु पर्ने बताएका थिए । बाल अधिकारकर्मी मुस्कान खातुनले आफ्नो अधिकारको लागि आवाज उठाइरहनुपर्ने बताइन् । आफ्नै पहलमा एसिड

पीडितले न्याय पाएको बताउँदै अन्य हिंसा विरूद्ध पनि कठोर कानुन ल्याउनु पर्ने उनले बताइन् ।

कार्यक्रममा युएन सीआरसी कमिटी अध्यक्ष प्रो.आन स्केल्टनले यस्ता सामाजिक भेलाहरुमा विश्व चुनौतिका बारेमा विचार विमर्श र छलफल हुने भएकाले समस्या र अहिलेको चुनौतिलाई सामधान गर्ने उपाय खोजी हुने बताइन् । उनले वर्तमान अवस्थामा युद्ध मार्फत बालबालिकाको ज्यान जाने डरलाग्दो अवस्था आएकोले बालअधिकारको संरक्षण गर्दै विश्वलाई सुरक्षित रुपमा अघि बढाउन सबैको प्रतिबद्वता आवश्यक भएको बताइन् । कार्यक्रममा बोल्दै यु एन सीआरसी कमिटी उपाध्यक्ष रिन्चेन चोपेलले आफु यो नेपालको यो सम्मेलनमा ज्ञान बाँड्न आएको नभएर नेपालीले अनेकौं चुनौतीका बाबजुद पनि यस प्रकारको आन्दोलन मार्फत आफ्नो जीवनमा ल्याएको परिवर्तन र संघर्षलाई नजिकबाट नियाल्दै त्यसबाट अभिप्रेरित बन्न आफु नेपाल आएको बताए । त्यस्तै डिकेए अस्ट्रियाकी इन्ग्रेड पिन्टरेचले बालबालिकाका लागि एउटा न्यायमलक विश्व स्थापना गर्न आवश्यक रहेको बताइन् । कार्यक्रममा बाल अधिकारकर्मी तारक धितालले, गौरी प्रधान, डा. कुन्दन अर्याल, सन्तोष महर्जन लगायतले बाल तथा किशोर किशोरीका अधिकारका सबालमा प्रभवकारी काम गर्नु पर्नेमा जोड दिएका थिए । कार्यक्रममा बालबालिकाको तर्फबाट नित्य, नाटक लगायत विभिन्न प्रस्तुति गरिएको थियो ।



## २ - बाल अधिकारकर्मी संगको परामर्श कार्यक्रम सम्पन्न



फेब्रवरी २, २०२४, कन्सोर्टियम नेपालले गुड शेफर्ड इन्टर नेशनल फाउन्डेसन/ शुभ अवसर ग्राम नेपालको सहयोगमा बालअधिकारकर्मी समूहसँग परामर्श कार्यक्रम सम्पन्न भएको छ । छलफलको मुख्य उद्देश्य योजना प्रक्रियामा बालिकाहरू कसरी संलग्न भइरहेका छन् भन्ने बारेमा छलफल गर्नु थियो । कार्यक्रमको उद्देश्य बालबालिका केन्द्रित सञ्जालका नेताहरू लगायत प्रमुख सरोकारवालाहरूलाई बालिका शिक्षा, सशक्तिकरण र संलग्नता सम्बन्धि अन्तरक्रियामा संलग्न रहेको थियो । यस छलफल बाट आएका सवालहरुलाइ नीति पत्र निर्माणमा योगदान पुर्याउने उद्देश्य रहेको थियो । बालअधिकारका क्षेत्रमा केन्द्रित सञ्जालका बाल अधिकारकर्मीहरु संग परामर्श कार्यक्रमले बालिकाहरुको आवश्यकताको आधारमा योजना र नीति पत्र तयार गर्न मद्दत गर्ने लक्ष्य राखिएको थियो । परामर्शका क्रममा सहभागीहरूले बाल अधिकारका विभिन्न क्षेत्रहरूमा संलग्न भई बालिका शिक्षा, सशक्तिकरण र संलग्नता सम्बन्धी आफ्नो महत्वपुर्ण सुझावहरू दिनुभएको थियो ।

छलफलका क्रममा बालिकाको शिक्षा, सशक्तिकरण र संलग्नतासंग सम्वन्धित नेपालका अन्तर्राष्ट्रिय प्रतिबद्धता, संवैधानिक, कानुनी र नीति तथा योजनाहरु के कस्ता व्यवस्थाहरु रहेका छन् भन्ने विषयका बारेमा चर्चा गरिएको थियो । साथै बालिकाहरुको शिक्षा, सशक्तिकरण,संलग्नता र समग्र बालिका अधिकारको सम्वोधनमा के कस्ता सिकाई र असल अभ्यासहरु रहेका छन् भन्ने बारेमा

छलफल गरिएको थियो । छलफललाई निरन्तरता दिने क्रममा  बालिका अधिकारसंग सम्वन्धित  संघिय, प्रदेश, स्थानीय, नागरिक समाज, संजाल वा अन्य क्षेत्रहरु रहेका छन् र तिनको भूमिका कस्तो छ भन्ने विषयलाई जोडिएको थियो । यस्तै  बालिकाको शिक्षा, सशक्तिकरण र संलग्नतासंग सम्वन्धित चुनौती लगायत प्राथमिकताका सवालहरु, बालिका अधिकार सम्वोधनमा वर्तमान अवस्थामा के कस्ता सम्भावना र सुझावहरु रहेका छन् भन्ने विषयहरुलाई समेटेर छलफल गरिएको थियो । परामर्शको सहजीकरण  बाल अधिकारकर्मी विष्णुबहादुर खत्रीले गर्नुभएको थियो ।

## ३ - युवा तथा विधार्थी नेताहरु संगको परामर्श कार्यक्रम सम्पन्न

फेब्रवरी ११, २०२४ मा युवा तथा विधार्थी नेताहरु संगको परामर्श कार्यक्रम सम्पन्न भएको छ । कन्सोर्टियम नेपालको आयोजना र गुड शेफर्ड इन्टर नेशनल फाउन्डेसन/शुभ अवसर ग्राम नेपालको सहयोगमा सम्पन्न परामर्श कार्यक्रममा विभिन्न पार्टीलाई प्रतिनिधित्व गर्दै युवा तथा विधार्थी नेताहरु को सहभागिता रहेको थियो । कार्यक्रमको उद्देश्य युवा तथा विद्यार्थी नेताहरुलाई  सहभागी गराउदै  बालिका शिक्षा, सशाक्तिकरण र संलग्नतामा युवा र विद्यार्थी राजनीतिक नेताहरूको भूमिका र प्रवर्द्धन गर्नका उत्कृष्ट अभ्यासहरूको बारेमा छलफल गर्नु रहेको थियो । युवा र विद्यार्थी राजनीतिक नेताहरूसँगको परामर्श कार्यक्रमले बालिकाहरुको वास्तविक आवश्यकताको आधारमा योजना र नीति पत्र तयार गर्न मद्दत गर्ने रहेको थियो । सहभागीहरूले  बालिका शिक्षा, बालिका सशक्तिकरण र बालिका संलग्नतामा आफ्नो महत्वपुर्ण सवालहरुमा चर्चा गरेका थिए । बालिका संलग्नता र सहभागितामा सहभागीहरूले अवस्था, मुख्य चुनौतीहरू, विश्वव्यापी संरचना र अवसरहरू, थप आवश्यक आधार र सहजीकरण के र कसरी गर्न सकिन्छ, समावेशी र अर्थपूर्ण  बालिका संलग्नता/सहभागिताका लागि मुख्य सुझाव/सिफारिशहरूबारे आफ्ना धारणा राखेका थिए । त्यसैगरी बालिका सशक्तिकरणमा सहभागीहरूले बालिकाहरुको समग्र सशक्तिकरणका लागि अवस्था, मुख्य समस्या, प्रयास र सम्भावनाहरू, कसले कस्तो भूमिका खेल्न सक्छ, मुख्य सुझाव/सिफारिसहरूबारे छलफल गरेका थिए । साथै, छलफललाई निरन्तरता दिदै सहभागीहरुले बालिका शिक्षाको अवस्था, विद्यमान खाडल, विद्यमान प्रयास र संरचना, सरोकारवालाको जिम्मेवारीको भूमिका र सबै बालिकाको शिक्षाको प्रवर्द्धन र सुनिश्चितताका लागि प्रमुख सुझाव/सिफारिसहरू समावेश गर्ने विषयमा चर्चा गरिएको थियो । सम्पूर्ण छलफलको क्रममा युवा र विद्यार्थी राजनीतिक नेताहरूले बालिका सशक्तिकरण, शिक्षा र संलग्नताको बारेमा आफ्नो बहुमूल्य सुझावहरू प्रदान गरेका थिए । सो परामर्श  सहजकर्ता बालअधिकार विज्ञ विष्णुबहादुर खत्री ज्यूले गर्नु भएको थियो ।





## सदस्य संस्थाहरुद्वारा संचालित गतिविधिहरु

### १- स्थानीय तहमा बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी पैरवी तालिम सम्पन्न

राजविराज, ११ फाल्गुन ।



स्थानीय तहमा बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा लक्षित समुदायका भुमिका बिषयक पैरवी तालिम सप्तरीको राजविराजमा संकल्प (सिडा) परियोजना तथा सेभ द चिल्ड्रेनको सहयोग साथै खडक र सुरुङगा नगरपालिका, सगरमाथा अपाङ संघ, सहयोगि समाज (निल हिरा), जिल्ला बाल क्लब संजाल, नगर युवा क्लब संजाल र गैसस महासंघको समन्वयमा सबल नेपालको आयोजनामा र गैसस महासंघ सप्तरीको उपाध्यक्ष श्री बलदेव मंडलको अध्यक्षतामा उक्त तालिम स्थानिय तहको योजना छनोटमा भुमिका, योजना छनोट प्रक्रिया, बजेट निर्माण, बाल भेला प्रक्रिया, नेता र नेतृत्व शिप र पैरवी सम्बन्धमा सहभागीहरुको ज्ञान, शिप र धारणामा परिबर्तन गर्ने उद्देश्यका साथ तिन दिवसीय पैरवी तालिम संचालन भई सम्पन्न भएको छ ।



बालअधिकारकर्मी अशोक खनालले सहजिकरण गरेको उक्त तालिममा जिल्ला बाल क्लब संजाल, युवा क्लब संजाल, अपाङ संघ, सहयोगी समाज नागरिक समाजबाट ३५ जनाको सहभागिता रहेको थियो र साथै तालिमको अन्तिम दिन गैसस महासंघलाई सम्पूर्ण सहभागीहरुबाट लछित समुदायको योजना निर्माण गरी हस्तान्तरण गरिएको थियो ।

### २ - लागूऔषध प्रयोग बिरुद्ध परामर्श कार्यशाला गोष्ठी सम्पन्न

१२ फाल्गुन २०८०

नागरिक समाज सबलीकरण परियोजना अन्तर्गत जिल्ला बाल क्लब र युवा क्लब संजालको प्रतिनिधिहरुको सहभागितामा लागूऔषध दुर्व्यसनी बिरुद्ध परामर्श



कार्यशाला गोष्ठी गैसस महासंघ सप्तरीको अध्यक्षतामा राजविराजमा सबल नेपालको सहयोगमा र जिल्ला प्रहरी कार्यालय सप्तरीको समन्वय र सहजीकरणमा सम्पन्न भएको छ । उक्त कार्यशालाको उद्देश्य सहभागीहरुमा ज्ञान सिप र धारणामा बिकास गर्नु, निति तथा कार्यविधिमा व्यबस्था सम्बन्धि अभिमुखिकरण गर्नु र साथै लागुपदार्थ सेवन बिरुद्ध पेरवी गर्नु रहेको थियो । कार्यशालामा बाल क्लब र युवा क्लब संजालक पदाधिकारी सहित ३० जनाको सहभागिता रहेको छ । परामर्श कार्यशाला गोष्ठीको सहजिकरण भने जिल्ला



प्रहरी कार्यालय अबस्थित महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रका प्रहरी सहायक निरिक्षक प्रदीप कुमार साह र प्रहरी सहायक हब्लदार सविता वैरागीले गर्नु भएको थियो ।

## ३ - सुरुङगा नगरपालिकामा नगर स्तरिय बालकचहरि सम्पन्न

१९ माघ २०८०

सुरुङगा नगरपालिकामा नगर स्तरिय बाल कचहरि नगर बाल क्लब संजालको आयोजनामा सप्तरीको सुरुङगा नगरपालिका वडा नं. ४ स्थित आधारभुत बिद्यालयमा नगर प्रमुख गिता चौधरिको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो, जम्मा ८३ जना बाल बालिकाको सहभागितामा र ११ जना वडा अध्यक्ष, बिषयगत प्रमुख, प्र.अ, शिक्षक, सबल नेपाल र सेभ द चिलड्रेनको प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । बिषेश गरि शिक्षा, स्वास्थ्य, बाल संरक्षन र सहभागिता क्षेत्रमा सवाल जवाफ भएको थियो र उक्त कार्यक्रममा तत्काले २०८०/१०/२४ गते हुन गइरहेका वडा नं ७ र ३ को बाल बिबाहलाई प्रहरी र जन प्रतिनिधि मिलि रोक्ने भनि बडा अध्यक्ष र नगर प्रमुखबाट थप प्रतिबध्दता ब्यक्त गर्नु भएको थियो ।




बालबालिकाको सवालमा प्रहरीद्वारा बिद्यालय तहमा लागुपदार्थ दुर्ब्यसन सम्बन्धि सचेतना र शिक्षा र स्वास्थ्य कार्यक्रमहरुमा आएको मुद्दालाई कार्यन्वयन गर्ने प्रतिबद्धता ब्यक्त गर्नु भएको थियो साथै बाल संक्षण पक्षमा कुनै घटनाहरु भएमा सहयोगको लागि प्रहरी कार्यालय र नगर पालिकाको सम्पर्क नम्बर उपलब्ध गराउनु भएको थियो ।



यस बाल कचहरीलाई निरन्तरता दिने भनि कार्यक्रमको अध्यक्ष तथा नगर बाल क्लबको अध्यक्ष देब कुमार साहले आफ्नो भनाई राखि कार्यक्रम सम्पन्न भएको थियो ।

## ४ - बालश्रममुक्त वडा घोषणा

दिपायल सिलगढी नगरपालिकाको वडा नम्बर ६ लाई बालश्रम मुक्त वडा घोषणा गरिएको छ । जिल्ला सदरमुकाम रहेको सो वडालाई शुक्रबार शैलेश्वरी मन्दिर प्राङ्गणमा एक कार्यक्रमका बीच नगर प्रमुख बाजी सिं खड्काले बालश्रममुक्त वडा घोषणा गरे । दिपायल सिलगढी नगरपालिका वडा नम्बर ५ सुदूरपश्चिम प्रदेशकै पहिलो वडाको रूपमा २०७९ चैत्र २९ गते र दोस्रो वडाको रूपमा वडा नम्बर ८ लडागडालाई २०८० जेठ १६ गते बालश्रम मुक्त वडा घोषणा गरिएको थियो । दिपायल सिलगढी नगरपालिकाले २०७५ सालदेखि बालश्रम मुक्त नगर बनाउने उद्देश्यले विभिन्न अभियानहरूको सुरुवात गरेको थियो । सोही अनुरूप तीन वटा वडा बालश्रम मुक्त वडा घोषणा भएका छन् ।



नगरपालिकाले बालश्रम मुक्त वडा घोषणापूर्व विभिन्न किसिमका अभियान सञ्चालन गरेको थियो । श्रमिक बालबालिकाहरूको तथ्याङ्क सङ्कलन गर्नेदेखि बाल श्रमिक राख्ने विरुद्ध खबरदारी समेत गरिएको बताइएको छ । वडाभित्र उद्धार गरिएका श्रमिक बालबालिकाहरूलाई शिक्षण सामग्री सहयोगका साथै आवासीय विद्यालय भर्ना समेत गरिएको छ । नगरपालिकालाई बालश्रम मुक्त नगरका रुपमा घोषणा गर्न यूनिसेफले पैरवी गर्दै आइरहेको छ ।

## ५. बालमैत्री स्थानीय शासन प्रवर्धनको लागि विभिन्न कृयाकलाप सञ्चालन



सिन्धुलीको तीनपाटन गाउपालिका वडा नं ७ र गोलन्जोर गाउँपालिका वडा नं ३ मा रिलिफ नेपालको साझेदारीमा २ दिने बालमैत्री स्थानिय शासन सम्बन्धी तालिम सम्पन्न भएको छ । तालिममा वडाको जनप्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविका, बाल क्लब सन्जालको प्रतिनिधि, विद्यालयको शिक्षक प्रतिनिधि, विद्यालय व्यवस्थापन समिति को सदस्य, सरोकारवालाहरुको उपस्थित रहेको थियो । तालिममा बालमैत्री स्थानिय शासनको अबधारणा, बालबालिकामा लगानी किन? बाल मैत्री स्थानिय शासनको सुचक, चरण, समितिको काम कर्तव्य अधिकार बारे बृहत् छलफल भएको थियो । वडामा बालबालिकाको मुख्य चुनौतीको बिषयमा छलफल भएको थियो । गोलन्जोर वडा नं. ३ लाई २०८१ माघ १६ गते र तीनपाटन वडा नं ७ लाई २०८१ मसिंर ५ गते अन्तर्राष्ट्रिय बाल दिवसको अवसर पारेर बालमैत्री स्थानिय शासन वडा घोषणा गर्ने सामुहिक प्रतिबद्धता जनाइएको छ । बालमैत्री स्थानिय शासनका सूचकहरु पूरा गर्न स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयंसेविका, खानेपानी सरसफाइ समिति, विद्यालय, शिक्षक, शिक्षा शाखा, अभिभावक, बाल क्लब, बाल सञ्जाल, वडा समिति लाई कार्य विभाजन गरिएको थियो । सिन्धुली जिल्लाको तीनपाटन-७ र गालन्जोर-३ मा ४ वटा बालक्लब गठन भएको छ । १८९ जना बालबालिकाहरुले बालमैत्री स्थानिय शासन प्रवर्धन, बालश्रम तथा बालविवाह अन्त्य गर्न र आफ्नो समुदायमा जनचेतना फैलाउन विभिन्न स्थानमा जनचेतनामुलक र्‍याली सञ्चालन गरेका छन् ।



सिन्धुली जिल्लाको तीनपाटन गाउँपालिकाका वडा नं ४,६,७,१०,११, गोलन्जोर गाउँपालिकाका वडा नं १,२,३,४ र फिक्कल गाउँपालिकाको वडा नं २,३,४ र ५ का २६ जना किशोरकिशोरहरुले आफ्ना समुदायका ३०८ जना बालबालिकाहरुलाई ४ हप्ता रुपान्तरण जीवनउपयोगी सीप तथा आत्मरक्षा प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरेका छन् ।

फेब्रुवरी-१४, प्रेम दिवसको अवसरमा फिक्कल गाउँपालिका वडा न. ५ र गोलन्जोर गाउँपालिका वडा न. २ र ३ का बालबालिकाको प्रतिनिधित्व गरी रुपान्तरण सहभागीहरुले वडा अध्यक्षलाई प्रेमपत्र बुझाएका छन् ।



## कन्सोर्टियम नेपालले फेब्रुवरी २०२४-मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण

| क्र.सं. | कार्यक्रम | आयोजक |
|---|---|---|
| १ | 17th February 2024- Discrimination Against Dalit Children and Way Forward | Dalit Women Network |
| २ | 16th February 2024- Mental Health of Children and Adolescents | CWIN-Nepal |
| ३ | 18th February 2024- Global Panel on Child Labor | Swatantra Abhiyan Nepal |
| ४ | 18yh February 2024- Youth-Led To Dismantling Child, Early, Forced Marriage, And Union (CEFMU) | Gilrs Not Bride |
| ५ | 17th February 2024- Safer Internet Day - Protection Of Children In The Digital Age | Child Safe Net |
| ६ | 6-8 February 2024- Financial Orientation | SCI |

**संयोजन :** उषा कार्की ,कार्यक्रम अधिकृत, कन्सोर्टियम नेपाल

**थप जानकारीका लागि सम्पर्क :**

**कन्सोर्टियम नेपाल**

शंखमुल, काठमाडौं

सम्पर्क नं. : ०१-४७९१३२७

इमेल : participation.consortium@gmail.com